सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही

<u>आदेश</u>

०७५-AP-०२११

<u>विषयः सह-रजिष्ट्रारको आदेश बदर गरी पाउँ।</u>

हुसेन अलि मियाँ----------------------------------------------------निवेदक/प्रतिवादी

<u>विरुद्ध</u>

नेपाल सरकार----------------------------------------------------------विपक्षी/वादी

<u>मुद्दाः नकबजनी चोरी।</u>

यसमा निवेदक प्रतिवादीले तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजायको महलको ४१क. नं. बमोजिम आफूलाई लागेको जरिवाना र कैद सजाय मिन्हा पाउँ भनी यस अदालतमा दिंएको निवेदनमा देखिन्छ। उक्त निवेदन सम्वन्धमा यस अदालतबाट **"निवेदकले साविक मुलुकी ऐनको व्यवस्था बमोजिम २० प्रतिशतको छुट माग गरेकोमा उक्त मुलुकी ऐन खारेज भै सकेको र हाल के कुन कानूनले निजको कैद र जरिवाना छुट हुने हो भन्ने कुरा निवेदनमा खुलाउन सकेको नदेखिँदा निवेदन मागबमोजिम कैद जरिवानामा छुट दिन मिलेन"** भनी यस अदालतका सह-रजिष्ट्रारबाट मिति २०७५।७।२६ मा आदेश भएको देखिन्छ। सह-रजिष्ट्रारको उक्त आदेश बदर गरी पुन दण्ड सजायको ४१क. नं. को सुविधा पाउँ भनी निवेदकले दायर गरेको निवेदन यस अदालतको एक न्यायाधीशको इजलास समक्ष पेश हुँदा एकल इजलासबाट पूर्ण इजलासमा पेश गर्ने आदेश भएबमोजिम प्रस्तुत निवेदन आज यस इजलासमा पेश भएको देखियो।

अब यस अदलतका सह-रजिष्ट्रारबाट भएको दरपीठ आदेश मिलेको छ, छैन भन्ने सम्वन्धमा विचार गर्दा यी निवेदकलाई राधाकृष्ण रौनियारको जाहेरीले तत्काल प्रचलित

मुलकी ऐन चोरीको महलको १ र ३ नं. को कसूरमा ऐ. १४ नं. को देहाय १ बमोजिमको सजायको माग दावी लिई कास्की जिल्ला अदालतमा चलेको नकबजनी चोरी मुद्दामा शुरु अदालतबाट मिति २०७१।११।१७ मा १ महिना १५ दिन कैद सजाय र रु. ७,२४,८४५।– जरिवाना हुने ठहर गरेउपर प्रतिवादीको तर्फबाट परेको पुनारवेदनमा पुनरावेदन अदालत पोखराबाट मिति २०७३।१।२२ मा शुरु अदालतले गरेको जरिवाना यथावत राखी कैदको हकमा केही उल्टि गरी ४ महिना १५ दिन कैद सजाय हुने ठहर गरेको फैसला यस अदालतबाट मिति २०७५।६।२ मा सदर भएको देखिन्छ। निवेदक प्रतिवादी उपर चलेको प्रस्तुत नकवजनी चोरी मुद्दा यस अदालतको मिति २०७५।६।२ को फैसलाले अन्तिम भएको हुँदा अन्तिम फैसला भएको ६० दिनभित्र कैद र जरिवाना भुक्तान गर्न निवेदक प्रतिवादी आफै अदालतमा उपस्थित भएकाले मुलुकी ऐन दण्ड सजायको महलको ४१क. नं. को कानूनी व्यवस्था वमोजिम आफूले जरिवाना र कैदको मिन्हा पाउनु पर्ने भन्ने नै निवेदकको मुख्य माग रहेको देखिन्छ।

तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजायको ४१क. नं. मा **यस महलको अन्य नम्वरहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि जरिवाना वा कैद सजाय लागेको व्यक्ति अन्तिम फैसला हुँदा अड्डामा उपस्थित भै जरिवाना बुझाउन वा कैदमा बस्न मंजूर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएको व्यक्ति फैसला भएको मितिले साठी दिनभित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भै जरिवाना तिर्न वा कैदमा बस्न आफै उपस्थित भएमा निजलाई भएको जरिवाना र कैदको सजायमा बीस प्रतिशत मिन्हा दिई बाँकीको मात्र लगत कायम गरी संजाय कार्यान्वित गरिनेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। निवेदकलाई यस अदालतको मिति २०७५।६।२ को फैसलाले लागेको कैद र जरिवाना अन्तिम भएकोमा दण्ड सजायको ४१क. नं. को म्यादभित्र निवेदक प्रतिवादि कैद र जरिवाना बीस प्रतिशत मिन्हा अर्थात सुविधा पाउँ भनी यस अदालतमा मिति २०७५।७।२६ मा निवेदन साथ यस अदालतमा उपस्थित भएकाले निजले उक्त ४१क. नं. को सुविधा नपाउने भन्न मिल्ने देखिएन।

अब तत्काल प्रचलित मुलुकी ऐन खारेज भै सकेको सन्दर्भमा उक्त ऐनले प्रदान गरेको सुविधा यी निवेदकले प्राप्त गर्न सक्ने हो वा होइन भन्ने सम्वन्धमा हेर्दा यी निवेदक उपर ततकाल प्रचलित मुलुकी ऐनको चोरीको महलको १ र ३ नं. को कसूरमा ऐ.१४ नं. को देहाय १ बमोजिमको सजायको माग दावी लिई मुद्दा दायर भै सोही ऐन बमोजिम कसूरदार कायम भै फैसला भै उक्त फैसला अन्तिम भएको तथ्यमा विवाद छैन। मिति २०७५।५।१ देखि प्रारम्भ भएको केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (च) ले तत्काल प्रचलित मुलुकी ऐनलाई खारेज गरेको भए पनि सोही दफा ३९ को उपदफा (२) को (१) को खण्ड (क) मा **"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भए पनि सोही अदालतबाट त्यस्तो कानून अन्तर्गतको नै कार्यविधि अवलम्वन गरी कारवाही र किनारा हुनेछ"** भन्ने व्यवस्था रहेको देखिन आयो। त्यस्तै खण्ड (ग) मा कुनै कानून अन्तर्गत कुनै अदालतबाट भई सकेको सजाय सोही कानून बमोजिम कार्यान्वयन हुनेछ भन्ने उल्लेख भएको देखियो। निवेदक उपर तत्कालिन मुलुकी ऐन अन्तर्गत मुद्दा चली फैसला भै सकेकोमा उल्लिखित दफा ३९ को उपदफा (२)(१) को खण्ड (क) र (ग) मा उल्लेख भएको व्यवस्थाले निवेदकको हकमा समेत मुलुकी ऐन अन्तर्गतको कार्यविधि अवलम्वन गरी दण्ड सजायको महलको ४१क. नं. ले कैद र सजायमा २० प्रतिशत मिन्हा दिने भनी गरेको व्यवस्था कार्यान्वयन गर्न वाधा पुग्ने देखिएन।

त्यसका अतिरिक्त नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ मा खारेजको परिणाम अन्तर्गत खण्ड (ग) मा कुनै नेपाल ऐनले अहिलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गऱ्यो भने अर्को अभिप्राय नदेखिएमा त्यस्तो खारेज भएको ऐनको के कस्तो प्रभाव रहने सम्वन्धमा व्यवस्था भएको देखिन्छ। जस अन्तर्गत खारेज भएको कुनै ऐन बमोजिम पाएको हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर नपर्ने, खण्ड (घ) मा यसरी खारेज भएको कुनै ऐन विरुद्ध गरेको कुनै अपराधमा गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर नपार्ने र खण्ड (ङ) मा उल्लिखित हक सुविधा कर्तव्य दायित्व दण्ड सजाय वा जफतका सम्वन्धमा भएको कुनै तहकिकात, कानूनी

कारवाही वा उपायमा यसले असर नपरी त्यस्तो कुनै तहकिकात, कानूनी कारवाही वा उपायलाई शुरु गर्न जारी राख्न वा लागू गर्न हुन्छ र खारेज गर्ने ऐन पास नभए सरह त्यस्तो दण्ड सजाय वा जफत गरे हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ।

कानून व्याख्या सम्बन्धी ऐनको दफा ४ ले उल्लिखित व्यवस्थाले खारेज भै सकेको मुलुकी ऐन बमोजिम कारवाही चलेको मुद्दाको दण्ड सजाय सम्बन्धी कानूनी कारवाही उक्त ऐन खारेज भए पनि गर्न सकिने कानूनी मार्ग प्रशस्त गरेको छ। सो दफा ४ मा अर्कै अभिप्राय नदेखिएमा भन्ने शव्दावली परेकोमा माथि उल्लिखित केही नेपाल कानून संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ ले मुलुकी ऐन खारेज गरेको भए पनि सो ऐनले खारेज भएको मुलुकी ऐनको व्यवस्था खारेज भएको मितिदेखि लागू हुनै नसक्ने भन्ने व्यवस्था गरेको छैन। सो ऐनको माथि उल्लिखित दफा ३९ को उपदफा २ (१) को खण्ड (क) र (ग) को व्यवस्थाले मुलुकी ऐन अन्तर्गगत दायर भएका मुद्दाको कारवाही सोही ऐन अन्तर्गत नै हुने भनी स्पष्ट व्यवस्था भएको सन्दर्भमा यी निवेदकले दण्ड सजायको ४१क. नं. बमोजिमको सुविधा प्राप्त गर्न सक्ने नै देखिन आयो।

तसर्थ उल्लिंखित आधार र कारण समेतबाट तत्काल प्रचलित मुलुकी ऐन बमोजिम दायर भएको नकवजनी चोरी मुद्दाको अन्तिम फैसला पश्चात् फैसला भएको ६० दिनभित्र जरिवाना र कैद भुक्तानीका लागि निवेदनसाथ यस अदालतमा उपस्थित भएका निवेदकलाई निवेदन माग बमोजिम दण्ड सजायको महलको ४१क. नं. बमोजिमको सुविधा प्रदान गर्नु पर्नेमा कैद र जरिवानामा छुट दिन मिलेन भनी यस अदालतका सह-रजिष्ट्रारबाट मिति २०७५।७।२६ मा भएको आदेश वेरीतको देखिएकाले बदर गरी दिएको छ। अब निवेदन माग बमोजिम निवेदक प्रतिवादीलाई दण्ड सजायको ४१क. नं. बमोजिमको सुविधा प्रदान गरी कानून बमोजिम गर्नु । दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु।

न्यायाधीश

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७५ साल मंसिर १३ गते रोज ५ शुभम्-----------------------------